नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं ।

## लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०७६/०३ /२५

यस आयोगका पुराना तपसिल बमोजिमका फर्निचर लगायतका कार्यालय सामानहरू जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| लिलाम हुने सामानहरु | ब्राण्ड | न्यूनतम मूल्य | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| फर्निचर लगायतका कार्यालय सामानहरू (स्टिलको दराज, काठको दराज), मेसिनरी औजारहरू, कम्प्युटर, फ्याक्स, फोटोकपी मेसिन, प्रिन्टर, क्यालकुलेटर, यु.पि.एस.आदि | | रु. ४४२६६६।७० (चार लाख बयालिस हजार छ सय छइसट्ठि रुपैया सत्तरी पैसा मात्र) (मु. अ. कर बाहेक) | १०००/- | |

१. बोलपत्र फारम दस्तुर वापत रु. १०००/- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको मितिले २१ औं दिनको (**मिति २०७७।०४।१४ गते**) कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि २२ औं दिनको(**मिति २०७७।०४।१५ गते**) १२:०० बजेभित्र यस आयोगमा दर्ता गरिसक्नुपर्नेछ । उक्त बोलपत्र फाराम यस कार्यालयको जिन्सी कक्षबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनको मिति र निर्दिष्ट समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।

३. इच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपि, आ.ब. २०७५/७६ को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा प्यान नं. र नेपाली नागरिकताको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको नाम थर, ठेगाना, फोन नं. समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले **कबुल गरेको रकमको १० प्रतिशतले** हुन आउने रकम एभरेष्ट बैङ्क, सिंहदरबारस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको **धरौटी खाता नं. १३५००१, कार्यालय कोड नं ३९१००३५०१** मा जम्मा गरेको सक्कल भौचर पेस गर्नुपर्नेछ।

६. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईनेछैन ।

७. दर्ता भएको बोलपत्रहरू २२ औं दिन दिनको १:०० बजे राष्ट्रिय योजना आयोग, सिंहदरबारमा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. लिलामसम्बन्धी बोलपत्र स्वीकृत भएपछि १५ दिनभित्र कबोल रकम दाखिला गरी मालसामानहरु जस्तो अवस्थामा छन् सोही अवस्थामा उठाई लैजानुपर्नेछ अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

९. लिलाम हुने मालसामान हेर्न चाहनेले कार्यालय समयमा हेर्न सकिनेछ ।

१०. लिलाम गरिने मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ ।

११. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित हुनेछ ।

१२. यसमा नपरेका शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१३. थप जानकारीको लागि ०१ ४२११०५३ मा सम्पर्क गर्न सकिनेछ।